नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०३।१७**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्बन्धी मुद्दा कास्की जिल्ला अदालतमा मिति २०७९।०३।१४ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १५ रामबजार वस्ने वर्ष २५ को रमेश सुनार ।
- जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ८ शिवमन्दिर स्थायी ठेगाना भई हाल का.जि. टोखा नगरपालिका वडा नं. ६ बस्ने स्था.ले.नं. ६१७८२४७५० भएको गणेश ज्वेलर्सका सुनिता बि.क. ।

२. **कसुरको संक्षिप्त विवरणः** मिति २०७८।१०।१५ गते पोखरा म.न..पा ३० स्थित पावरहाउस चोकबाट जिल्ला प्रहरी कार्यालय कास्कीले काँचो सुन तथा १००७.७० ग्राम सहित जि. कास्की पोखरा महानगरपालिका  वडा नं. १५ रामबजार बस्ने रमेश सुनार लाई पक्राउ गरी यस विभागमा बुझाएकोमा उक्त सुन जिल्ला काठमाण्डौ, टोखा न.पा. धापासी स्थित स्था.ले.नं. ६१७८२४७५० भएको गणेश ज्वेलर्सका संचालक सुनिता वि.क. समेत भएको सुनको अवैध ओसार पसार गरी राजस्व चुहावट गरेको।

३. **कायम भएको विगो र सजायको मागदाविः** बरामद भएको सुन जस्तो पहेंलो धातु परिक्षण गर्दा उक्त धातु सुन रहेको र तौल गर्दा १००७.७० ग्राम रहेको तथा शुद्धता ९९९.९ भएको सुन भएको नदेखिएको, चोरी पैठारी भएको सुनलाई गालेर अवैध ओसार पसार गरेको, बैंक तथा दर्ता रहेको फर्मबाट सुन खरिद नगरी अन्यत्रैबाट सुन चोरी पैठारी गरी वैधानिक रुपमा काँचो सुन खरिद गरेको प्रमाण पेश गर्न सकेको नदेखिएको हुँदा प्रतिवादी सुनिता विके र प्रतिवादी रमेश सुनारले आपसी मिलेमतोमा सुनको चोरी पैठारी र ओसार पसार गरी प्रचलित कानुन बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजस्व नबुझाएको तथा राजस्व नतिर्ने नियतले सुन ओसार पसारमा संलग्न रहेको पुष्टि भएको छ। अतः निज प्रतिवादीहरूलाई सुनिता वि.क. र रमेश सुनारले वरामदित सुन १००७.७० ग्रामको जम्मा मुल्य विगो रु. ८०,००,१३०।३० (असी लाख एक सय तीस रुपैंया र तीस पैंसा मात्र) बराबरको विदेशी विनिमय अपचलन गरेको पुष्टी हुन आएकाले निज प्रतिवादीहरू सुनिता वि.के. र रमेश सुनारलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४, ५ र ९ग विपरितको कसुरमा विगो रु ८०,००,१३०।३० (असी लाख एक सय तीस रुपैंया र तीस पैंसा मात्र) कायम गरी ऐ.ऐनको दफा १७(१) बमोजिम सजाय गरीपाउन मागदाबी लिइएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**